# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०५-२०७९/०८०

मिति २०७९/०७/२५

समय: दिनको १२:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७९/०७/२५ वैठक संख्या: ०५-२०७९/०८०

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. स्वास्थ्य संस्था दर्ता कार्यविधि सम्बन्धमा ।
३. आयोजनामा मेशिन प्रयोग सम्बन्धमा ।
४. निशुल्क स्वास्थ्य विमा कार्यक्रम २०७९ नपुग रकम सम्बन्धमा ।
५. वडा नं. १ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
६. त्रैमासिक प्रगति समीक्षा सम्बन्धमा ।
७. गाउँपालिका प्रशासकीय भवनमा मार्बल राख्ने सम्बन्धमा ।
८. वडा कार्यालयबाट उपभोक्ता समितिसँग योजना सम्झौता गर्न अधिकार दिने सम्बन्धमा ।
९. उपभोक्ता समितिको योजना सम्झौता सम्बन्धमा ।
१०. सामी कार्यक्रमका कर्मचारीहरुलाई इन्धन सुविधा सम्बन्धमा ।
११. अख्तियार दुरुपयोग अनुसन्धानको पत्र सम्बन्धमा ।
१२. IEE प्रतिवेदन स्वीकृत गरिदिनको लागि राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिमा सिफारिसका लागि जि.स.स.मा सिफारिस गर्ने सम्बन्धमा ।
१३. राष्ट्रिय परिचयपत्र तयार गर्ने कार्यमा खटिएका स्वयंसेवक जनशक्तिहरुलाई भुक्तानी दिने सम्बन्धमा
१४. बेरोजगार सूचिकृत सम्बन्धमा ।
१५. वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिका कार्यपालिका वैठकका निर्णयहरु कार्यान्वयन र अन्य समसामयिक विषयमा समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिकाको स्वास्थ्य संस्था दर्ता कार्यविधि २०७९, स्वीकृत गरियो ।

**निर्णय नं. ३:** गाउँपालिकाका अधिकांश भाग पहाडी क्षेत्र रहेको, नयाँ ट्र्याक खोल्दा, खोलिएको ट्र्याक र साविकका सडकहरुको स्तरोन्नती तथा मर्मत सम्भार गर्दा देहायको कारणले गर्दा मेशिन तथा हेभी मेशिन प्रयोग गर्नुपर्ने भएकोले त्यस्ता आयोजनाको काम सम्पन्न गर्दा मेशिन तथा हेभी मेशिन प्रयोग गर्ने निर्णय गरियो ।

क) श्रममूलक काम गर्न उपभोक्ताहरु/लाभग्राहीहरु तयार नरहेको, बेरोजगार व्यक्तिहरु समेत उक्त काम गर्न रुचि नदेखाएको,
ख) मानवीय साधन तथा श्रममूलक काम गर्न सम्भव नभएको,
ग) मानवीय साधन तथा श्रममूलक कामबाट आयोजना बढी महङ्गो पनि पर्ने भएको,

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

घ) उपरोक्तानुसारको कारणले गर्दा मानवीय साधन तथा श्रममूलक रुपबाट आयोजना सम्पन्न हुँदेन भन्ने जानकारी हुँदा हुँदै मानबीय साधन तथा श्रममूलक प्रविधिबाट लागत इष्टिमेट बनाउने तर काम मेशिनबाट हुने हुँदा आर्थिक दुरुपयोग हुन सक्ने सम्भावना भएको ।
तर आयोजनाको प्रकृति हेरी आंशिक रुपमा मानवीय साधन तथा श्रममूलक प्रविधिबाट काम गराउन सकिनेछ ।

**निर्णय नं. ४:** गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट २०७९/०८० अनुसार अल्पसंख्यक निशुल्क स्वास्थ्य बिमाको लागि रकम नपुग हुने भएकोले नपुग हुने रकम रु. १,००,०००/- (एक लाख रुपैया) चालु भैपरीबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** वडा नं. १ को वडा कार्यालय भवन निर्माण आयोजनालाई चालु आ.व. २०७९/०८० र आगामी आ.व. २०८०/०८१ को बजेटबाट सम्पन्न गर्ने गरी बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** चालु आ.व. २०७९/०८० मा विभिन्न शाखा/इकाईबाट भए गरेका कामको प्रथम त्रैमासिक प्रगती समिक्षा गरियो ।

**निर्णय नं. ७:** गाउँपालिकाको प्रशासकीय भवनमा मार्बल राख्ने कामको लागि निर्माण व्यवसायी रविना एण्ड अविसा जे.भि.ले दिएको निवेदनलाई अस्वीकृत गरी साविक BOQ मा उल्लेख भए अनुसारको मोटाइको मार्बल नै राख्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** वडा स्तरका रु. ५,००,०००/- (पाँच लाख) सम्मका आयोजनाहरु वडा कार्यालयलाई नै उपभोक्ता समितिसँग सम्झौता गर्न अधिकार दिने निर्णय गरियो । सम्झौता भएका आयोजनाहरुको समयमा नै तोकिएको लागत अनुमान गुणस्तर तथा परिमाणमा सम्पन्न गर्नु गराउनु वडा अध्यक्ष, वडा अनुगमन समिति, वडा सचिव र प्राविधिकको दायित्व तथा जिम्मेवारी रहनेछ ।

**निर्णय नं. ९:** विद्यालय, टोलविकास समिति, वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समितिहरुले पनि आफ्नो क्षेत्र भित्रका आयोजना सम्पन्न गर्न उपभोक्ता समितिको रुपमा काम गर्न सक्नेछन । एउटै उपभोक्ता समितिले २ भन्दा बढी आयोजनाको काम गर्न सक्नेछैन । एक आयोजनाको काम सम्पन्न भएपछि मात्र अर्को आयोजनाको कामको सम्झौता गर्न सकिनेछ । माथि उल्लेखित उपभोक्ता समिति बाहेक आयोजनाबाट लाभ लिने लाभग्राहीहरुबाट निर्माण भएका उपभोक्ता समितिले स्थायी लेखा नम्बर नलिए पनि चालु आ.व.मा सम्झौता गरी काम गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** सामी कार्यक्रमका कर्मचारीहरुलाई इन्धन सुविधा स्वरुप मासिक १० (दश) लिटर इन्धन दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको च.नं. १७७२८ मिति २०७०/०७/०३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा शिक्षा अधिकृतबाट पेश भएको छानबिन प्रतिवेदन तथा प्रधानाध्यापकले पेश गरेको विवरण अनुसार श्री भृकुटी मा.वि. साराङघाटले विद्यार्थी तथा भर्ना शुल्क, परीक्षा शुल्क सहयोग शुल्क र कक्षा ११ र १२ मा मासिक शुल्क भनि शुल्क लिएको पाइयो । साथै उपलब्ध कागजात अध्ययन गर्दा र प्र.अ.ले दिएको लिखित विवरणको आधारमा आर्थिक अनियमितता भएको देखिएन । भृकुटी मा.वि.लाई शुल्क लिएको सम्बन्धमा कारवाही स्वरुप सचेतपत्र पठाउने र अब

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

आइन्दा त्यस्तो भर्ना, परीक्षा र मासिक शुल्क लिएमा कानूनी कारवाही गरिने जानकारी पनी गराउने निर्णय गरियो । साथै यस गाउँपालिका भित्रका अन्य सबै विद्यालयहरुबाट भर्ना शुल्क, परीक्षा शुल्क, मासिक शुल्क लिन नपाउने निर्णय गरियो । तर अभिभावक, चन्दादाताबाट स्वेच्छिक सहयोग, चन्दा लिन भने बाधा पर्ने छैन ।

**निर्णय नं. १२:** त्रिशुली नदी वडा नं. ५ भुवनटारघाट र सेती भतेरीघाटबाट नदीजन्य पदार्थ उत्खनन गर्नको लागि तयार भएको IEE (प्रारम्भिक वातावरणीय परीक्षण) प्रतिवेदन स्वीकृत गरियो । साथै उक्त IEE प्रतिवेदन स्वीकृत गरिदिनको लागि राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिमा सिफारिस गरी पठाईदिनको लागि जिल्ला समवन्य समिति चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** राष्ट्रिय परिचयपत्र तयार गर्ने कार्यमा खटिएका स्वयंसेवक जनशक्तिहरुलाई गत कार्यपालिकाको निर्णय अनुसार नै भुक्तानी दिने निर्णय गरियो । यस हिसाबले वडा नं. ५ मा खटिएका जनशक्तिको भुक्तानी दिने र अन्य वडाको पनि भुक्तानी दिन बाँकी रहेको भए भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४:** आ.व. २०७९/०८० का लागि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुको विवरण स्वीकृत गरियो ।

**निर्णय नं. १५:** त्रिशुली नदी वडा नं. ५ मा पर्ने बघईघाट र शालिग्राम करिडोरमा पर्ने विभिन्न स-साना ठाडो खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन गर्नको लागि विज्ञबाट वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष